# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड २) संख्या २७ स्थानीय राजपत्र भाग २ मिति २०७५।०९।०७

# नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन तथा कार्यसंचालन कार्यविधि, २०७५

पृष्ठभूमि :

पर्यटन (Tourism) लाई राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधारको रुपमा लिने गरिन्छ ।सामाजिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाले भरिपूर्ण हाम्रो देश विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा समेत सुपरिचित छ । विश्वमा भएको विज्ञान, प्रविधि र संचार प्रणालीको विकाससँगै पर्यटन क्षेत्रको विकासलाई पनि विविधिकरण र विस्तार गर्नु आवश्यक देखिन्छ । पर्यटन व्यवसायको विकास गरी आमनागरिकको जीविकोपार्जन र रोजगारीसँग जोड्न सकियो भने मात्रै यो क्षेत्र राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार बन्न सक्छ । यसका लागि सरकारी निकाय, गैरसरकारी संस्था, सहकारी संस्था, निजी क्षेत्र, संचार क्षेत्र र अन्य सरोकारवालाहरु बीच समन्वयात्मक भूमिका हुनु जरुरी छ । पर्यटकीय सम्पदाहरुको पहिचान गरी ती क्षेत्रमा पूर्वाधारको एकीकृत एवं समन्वयात्मक विकास गर्न सकेको खण्डमा पर्यटन विकासका

सम्भावना तथा अवसरहरुको खोजी गर्न सकिन्छ । यसै सन्दर्भमा घोराही उपमहानगरपालिकाको क्षेत्र पनि पर्यटकीय सम्पदाका दृष्टिले धेरै नै महत्वपूर्ण रहेको छ । नगरपालिकाभित्र रहेको पौराणिक ऐतिहासिक, धार्मिक, भाषिक, सांस्कृतिक विविध सम्पदाहरुका साथै वनजङ्गल, जीवजन्तुहरु पर्यावरणीय पर्यटनका थप आकर्षक पर्यटकीय सम्पदाका रुपमा रहेका छन् । थारु, मगर, मधेशी, ब्राह्मण, क्षेत्री, नेवार, मुस्लिम, कुसुण्डा र गन्धर्व जातिका सांस्कृतिक परम्परा र नगर क्षेत्रमा लाग्ने मेलाजात्रा जस्ता अनुपम सांस्कृतिक सम्पदाहरु रहेका छन् । यसका अतिरिक्त नगरपालिका क्षेत्रमा फलफूल खेती, जडिबुटी खेती, तरकारी खेती, पशुपन्छी पालन, माहुरी पालन जस्ता कृषि पर्यटनको महत्वपूर्ण संभावना समेत रहेका छन् । यही पृष्ठभूमिमा पर्यटन प्रबर्द्धनलाई नयाँ उचाईमा पुऱ्याई घोराही उपमहानगरपालिकाको आर्थिक विकासको आधार तयार गर्ने उद्देश्यले घोराही उपमहानगरपालिकाले स्थानीय शासन संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद- १

## संक्षिप्त नाम र प्रारम्भ

(१.१) यस कार्यविधिको नाम "नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन तथा कार्यसंचालन कार्यविधि २०७५" रहेको छ ।

(१.२) यो कार्यविधि घोराही उपमहानगरपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

(१.३) परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "संयोजक" भन्नाले नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको संयोजक सम्झनु पर्दछ ।

(ख) "सहसंयोजक" भन्नाले नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको सहसंयोजक सम्झनु पर्दछ ।

(ग) "सदस्य" भन्नाले नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समितिको सदस्य सम्झनु पर्दछ ।

(घ) "सदस्य सचिव" भन्नाले नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले परिच्छेद-३ बमोजिम गठन भएको नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति सम्झनु पर्दछ ।

(च) "पदाधिकारी" भन्नाले नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिका पदाधिकारी भन्ने सम्झनु पर्दछ ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

(ज) "नगर" भन्नाले घोराही उपमहानगरपालिका दाङ सम्झनु पर्दछ ।

(झ) "वडा" भन्नाले घोराही उपमहानगरपालिका दाङका वडाहरुलाई सम्झनु पर्दछ ।

(ञ) "कार्यपालिका" भन्नाले घोराही उपमहानगरपालिकाको नगर कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

(ट) "नगर सभा" भन्नाले घोराही उपमहानगरपालिकाको नगर सभा भन्ने सम्झनु पर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको पर्यटन मन्त्रालय सम्झनु पर्दछ ।

(ड) "पर्यटन" भन्नाले सामाजिक/सांस्कृतिक, धार्मिक, आर्थिक एवं ऐतिहासिक सम्पदालाई प्रमुख आधार मानी आमनागरिकको जीविकोपार्जन र रोजगारीसँग जोड्नका लागि गरिने विकासका क्रियाकलाप भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद- २
## लक्ष, उद्देश्य, नीति, कार्यक्षेत्र

२.१ कार्यविधिको लक्ष

संस्थागत सुदृढीकरणमार्फत पर्यटन विकासका सम्भावना तथा अवसरहरुको खोजी गरी नगरको आर्थिक विकासको प्रमुख आधारशिला तयार गर्ने ।

२.२ कार्यविधिको उद्देश्य

- यस कार्यविधि बमोजिम गठित समितिलाई सुव्यवस्थित रुपमा संचालन

गर्न निर्देशित गर्ने ।

- पर्यटन क्षेत्रको व्यवस्थित, एकीकृत र समन्वयात्मक विकास गर्दै पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- पर्यटन प्रबर्द्धनका लागि आवश्यक नीति, रणनीति तथा वार्षिक एवं दीर्घकालीन योजना (गुरु योजना) निर्माणमा सहयोग पुऱ्याउने ।
- नगरमा हरियाली र वातावरणीय स्वच्छता कायम राख्दै आकर्षक गन्तव्यस्थलको रुपमा विकास गर्न सहयोग पुऱ्याउने ।
- पर्यटन क्षेत्रको विकासलाई विविधिकरण र विस्तार गर्न सहयोग पुऱ्याउने ।

२.३ कार्यविधिको नीति/रणनीति

- सरकारी एवं गैरसरकारी संस्था, सहकारी संस्था, निजी क्षेत्र, संचार एवं अन्य सामुदायिक क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्ने ।
- नगरभित्र रहेका पर्यटकीय सम्पदाहरुको खोज, अनुसन्धान गरी तिनीहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।
- नगरको पर्यटन क्षेत्रको विकास र विस्तारका लागि आवश्यक आर्थिक एवं मानवीय श्रोतको खोजी गर्ने ।
- पर्यटन सूचना केन्द्र स्थापना गरी पर्यटकीय महत्वका सम्पदाहरुको प्रचार प्रसार एवं पर्यटकीय सामग्रीको प्रकाशन/प्रसारण गर्ने गराउने साथै यसतर्फ अन्य व्यक्ति वा संस्थालाई समेत प्रोत्साहित गर्ने ।
- पर्यटन सम्बन्धी वार्षिक कार्यक्रम नगर सभाबाट पारित गराउने र उक्त कार्यक्रमहरुको कार्यान्वयनमा समेत सहजीकरण गर्ने ।
- पर्यटन विकासका क्रियाकलापहरुको लेखाजोखा राख्ने, अनुगमन/मूल्यांकन गर्ने एवं प्रतिवेदन तयार गर्ने कार्यमा सहजीकरण गर्ने ।
- पर्यटकीय क्रियाकलापहरुको आवधिक रुपमा प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने कार्यमा सहजीकरण गर्ने ।
- पर्यटन प्रबर्द्धनका लागि बाह्य स्रोत (अनुदान रकम) प्राप्त भएमा समितिको निर्णय बमोजिमको कार्यक्रम कार्यान्वयनमा जोड दिने ।
- यस नगरमा अवस्थित पर्यटन सम्बद्ध संघसंस्था एवं समितिहरुले नगरबाट

पर्यटन प्रबर्द्धनका लागि लगानी भएको भए नगरलाई सो संस्थाको गतिविधि आवधिक रुपमा उपलब्ध गराउने कार्यमा जोड दिने ।

- यस नगरमा अवस्थित पर्यटन सम्बद्ध संघसंस्था एवं समितिहरुलाई सम्बन्धित पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण गर्न प्रोत्साहित गर्ने र गुरुयोजना तयार गरेको भए सोही अनुरुप मात्र भौतिक संरचना निर्माण गर्ने कार्यमा जोड दिने ।

२.४ कार्यक्षेत्र

नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको कार्यक्षेत्र घोराही उपमहानगरपालिकाको १९ वटा वडा भए तापनि आवश्यकता एवं औचित्यताको आधारमा यस नगरलाई प्रत्यक्ष वा परोक्ष रुपमा लाभ हुने देखिएमा सीमाना जोडिएका स्थानीय तहसँगको समन्वय र सहकार्यको क्षेत्रलाई भने खुल्ला राखिएको छ ।

## परिच्छेद- ३

## नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन

पर्यटन विकास सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न घोराही उपमहानगरपालिकामा देहायनुसारको नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन गरिनेछ ।

(क) नगरप्रमुख : संयोजक

(ख) उप-प्रमुख : सह-संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(घ) नगरको पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखा संयोजक : सदस्य

(ङ) नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष : सदस्य

(च) दाङ उद्योग वाणिज्य संघका अध्यक्ष : सदस्य

(छ) पर्यटन विषयमा रुचि भएका स्थानीय पत्रकार : १ जना सदस्य

(ज) नगर तहमा जातीय, भाषिक समुदायका पर्यटन, संस्कृति, कला, पुरातत्व, इतिहास, वातावरण क्षेत्रमा विज्ञता भएका व्यक्तिहरु मध्येबाट : २ जना सदस्य

(झ) नगर तहमा कला, संस्कृति, पर्यटन, इतिहास, पुरातत्व, वातावरण क्षेत्रमा

विशिष्ट योगदान गरेका व्यक्तिहरु मध्येबाट : ३ जना सदस्य

(ञ) नगर तहमा होटेल/टुर एण्ड ट्राभल्स आदिका व्यवसायी वा कुनै प्रसिद्ध पर्यटकीय स्थलका अध्यक्ष/सञ्चालक मध्येबाट : १ जना सदस्य

(ट) जिल्ला समन्वय समिति दाङको संस्कृति संरक्षण तथा पर्यटन प्रबर्द्धन समितिका सदस्य सचिव : १ जना सदस्य

(ठ) नगरको पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखा प्रमुख : १ जना सदस्य सचिव (फोकल पर्सन)

यसमा आवश्यकतानुसार विषयगत विज्ञलाई सल्लाहकारको रुपमा राख्न सकिनेछ ।

पुनश्च : उपमहानगरपालिकाका वडाहरुमा वडा अध्यक्षको संयोजकत्वमा बढीमा ७ सदस्यीय वडास्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन डेस्क गठन गर्न सकिनेछ ।

## परिच्छेद- ४

## समितिको काम, कर्तव्य र अधिकार :

नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

- पर्यटकीय सम्पदाहरुको पहिचान गर्ने ।
- सूचना केन्द्र स्थापना गरी पर्यटकीय सम्पदाहरुको संरक्षण, विकास र प्रचार-प्रसार गर्ने कार्यमा सहजीकरण गर्ने ।
- पर्यटन प्रबर्द्धनका लागि आवश्यक नीति, रणनीति तथा वार्षिक एवं दीर्घकालीन योजना (गुरु योजना) निर्माणमा सहजीकरण गर्ने ।
- पर्यटन प्रबर्द्धनका लागि जिल्ला, प्रदेश, केन्द्रमा रहेका सरकारी, गैरसरकारी एवं सहकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्न पहल गर्ने ।
- नगरको पर्यटन क्षेत्रको विकास र विस्तारका लागि आवश्यक आर्थिक एवं मानवीय श्रोतको खोजी गर्ने ।
- निजी क्षेत्रलाई पर्यटन व्यवसायतर्फ आकर्षित गर्ने कार्यमा सहजीकरण गर्ने ।
- नगरसभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने ।

- पर्यटन प्रबर्द्धनका लागि नगर तथा वडाबाट संचालित कार्यक्रम एवं पर्यटन सम्बद्ध संघसंस्था एवं समितिका क्रियाकलापहरु समेतको अनुगमन/मूल्यांकन गरी नगरलाई आवश्यक पृष्ठपोषण गर्ने ।

## परिच्छेद-५
## समितिको बैठक तथा अन्य प्रशासनिक कार्यविधि

(५.१) समितिको बैठक १ वर्षमा कम्तिमा २ पटक बस्नेछ ।

(५.२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५.३) समितिको बैठक बस्नुभन्दा कम्तिमा तीन दिन अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यलाई दिनुपर्नेछ ।

(५.४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५.५) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सह-संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(५.६) सदस्यहरुको पदावधि बढीमा चार वर्षको हुनेछ ।

(५.७) समितिका सदस्यहरुको सेवा, शर्त र सुविधा :

यस समितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुले नगर कार्यपालिका बैठकका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् । तर उक्त बैठकको भत्ता र कार्यक्रमको अनुगमन खर्च भने नगरको पर्यटन शाखाको स्वीकृत कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

(५.८) समितिले घोराही उपमहानगरपालिका, नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति, घोराही दाङ नामको आफ्नो छाप र लेटरप्याड तयार गरी प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद- ६

## निर्देशन दिन सक्ने

घोराही उपमहानगरपालिकाको नगरसभा वा कार्यपालिकाले यस समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यसको पालना गर्नु समितिको कर्तब्य हुनेछ।

## परिच्छेद- ७

## थपघट र हेरफेर

नगरको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी घोराही उपमहानगरपालिकाको नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

## परिच्छेद- ८

## खारेजी र बचाऊ

नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन तथा कार्य संचालन कार्यविधि २०७५ को विघटन तथा आवश्यक बचाउ घोराही उप-महानगरपालिकाको कार्यपालिकाले गर्नेछ।

आज्ञाले,

सन्तबहादुर सुनार

प्रमुख प्रशासकीय अधिकृत